नगर कार्यपालिकाको कार्यालय ... १ नं. प्रदेश, नेपाल

**मिति २०७५/०५/२० गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु:**

१. यस नगरपालिका क्षेत्र भित्र पर्ने टाङ्गटिङ्ग बिरिङ्ग लगायतका नदिहरुबाट नदिजन्य पदार्थ (ढुंगा,गिटी,बालुवा) संकलन ,उत्खनन गर्न जिल्ला समन्वय समिति,झापाबाट स्वीकृत आइ इ इ प्रतिवेदनमा उल्लेखित परिमाण मध्ये बुद्धशान्ती गाउँपालिका र यस नगरपालिकाको सिमानामा पर्ने बिरिङ्ग नदिबाट उत्खनन गर्न सकिने परिमाण मध्ये उक्त गाउँपालिकासँग भएको सहमति अनुसार बिरिङ्ग खोला प्याकेज १ मा पर्ने (शान्ति चौक पुर्व विद्युत पोल दक्षिण वडा नं. १)को १३,५०० घन मिटर र शान्ति चौक पुर्व विद्युत पोल उत्तर वडा नं. १ को १८,००० घन मिटर र टाङ्गटिङ्ग खोला चुरे क्षेत्रको लेप्चेटार १२,००० घन मिटर र साठिमुरे १५००० घनमिटर बाहेक बाँकी जम्मा २,६४,७०० घन मिटर नदिजन्य पदार्थ ( ढुंगा,गिटी,बालुवा) संकलन तथा उत्खनन गरी विक्री वितरण गर्ने प्रयोजनका लागि ठेक्का बन्दोबस्त गर्न प्रदेश सरकारबाट तोकिएको( गिटि ढुंगा र बालुवाको क्रमशः रु ३ र रु २ रुपैया ५० पैसा को औषत दरले हुने जम्मा रु २,५७,०६,६७१ (अक्षेरुपी दुई करोड सन्ताउन्न लाख छ हजार छ सय एकहत्तर रुपैया ) न्यूनतम ठेक्का अंक कायम गरी बढाबढको लागि राष्ट्रिय स्तरको पत्रिकामा शिलबन्दी दरभाउपत्रको १५ दिने सूचना प्रकाशन गर्ने ।

२.जिल्ला भरिको भौतिक पूर्वाधार विकासलाई प्रयोगका लागि आगामी असोज १ गतेबाट यस नगरपालिका क्षेत्रका नदिबाट नदिजन्य पदार्थ संकलन,उत्खनन गरी विक्री बितरण गर्नुपर्ने र उक्त समय सम्मा ठेक्का बन्दोबस्त हुन नसक्ने भएको साथै कार्यालयको तर्फबाट समेत जनशक्ति अभावको कारण उक्त कार्य गर्न सम्भव नभएको हुँदा पछि ठेक्का लिने फर्म ,संस्थासँग संकलन भएको रकम घटाई हिसाब मिलान गर्ने गरी ठेक्का बन्दोबस्त नभए सम्म यस नगरपालिकाको पूर्वाधार प्रयोग शुल्क उठाउन जिम्मा पाएको फर्मसँग न्यूनतम ठेक्का अंक लाई हिसाब गरी दैनिक उठ्न सक्ने न्यूनतम रकम धरौटि लिई आपसी वार्ता र सम्झौताबाट उक्त फर्मलाई ढुंगा ,गिटी ,बालुवा बिक्री शुल्क उठाउन जिम्मा दिने ।

३.यस नगरपालिकाबाट असुल उपर गरिने जग्गाको मालपोतको साविक वर्षहरुको दरको स्पष्ट अभिलेख नभई मालपोत असुल उपर गर्न समस्या भएको भनी गुनासो आएकाले सो को व्यवस्थापनका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी आर्थिक वर्ष २०७१/०७२ देखि यताको पारित दर अनुसार नै मालपोत लिने र त्यस भन्दा अघिको समयको मालपोत आर्थिक वर्ष २०७१/०७२ मा कायम भएको दरलाई नै आधार मानी असुल उपर गर्ने व्यवस्था मिलाउने ।

२०७५/०५/२०